**आ.व. ०८१/८२ को छैठौं बैठक**

आज मिति २०८१ साल माघ १८ गते शुक्रबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री सन्देश कुमार साम्सोहाङ | का.वा. सदस्य | ९८०४९९४६४० | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री संगम पौडेल | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

दिपेन्द्र कोइराला, सुचना प्रविधि शाखा

धन बहादुर बुढाथोकी, का.स.

निर्णयहरु:

निर्णय नं.१

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री संगम पौडेलबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

गाउँसभा र नगरसभा संचालन कार्यविधि ऐन, २०७५ को दफा-३ को उपदफा (१) बमोजिम यस गाउँपालिकाको सत्रौं गाउँसभा (हिंउदे अधिवेशन) मितिः २०८१/११/१५ गते विहीबार सञ्चालन गर्ने र सोहि बमोजिम सबैलाई पत्राचार गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-३

यस पाथीभरा याङवरक गाउँपालिका वडा नं.-२ मा रहेको थेचम्बु प्रहरी चौकीको नवनिर्मित भवनमा भान्साघर निर्माण गर्नु पर्ने भएको हुँदा, प्राविधिक स्टिमेट बमोजिम मंर्मत संभार कोषबाट व्ययभार हुने गरी भान्साघर निर्माण गरी उक्त भवनमा प्रहरी चौकी सार्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-४

स्थानीय तह/वडा कार्यालय र सेवाग्राहीको समयको बचत एंव केन्द्रीय अभिलेख व्यवस्थापनका साथै सुशासन प्रवर्द्धनमा समेत सघाउ पुऱ्याउने उद्धेश्यले विकास गरिएको स्थानीय तहको वडाबाटै अनलाइन प्रणाली मार्फत नागरिकता सिफारिस प्रणालीलाई यस स्थानीय तहमा लागु गर्ने साथै उक्त प्रणालीमा आवद्ध हुनको लागि तालिम लगायत अन्य पुर्वाधार व्यवस्थापनको सहजीकरण गरिदिनको लागि जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङलाई पत्राचार गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-५

स्थानीय तहबाटै राष्ट्रिय परिचय पत्र वितरण गर्नु पर्ने व्यवस्था भएकोले यस गाउपालिकाका नागरिकहरुको राष्ट्रिय परिचय पत्र जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङमा आइसकेको हुनाले उक्त परिचय पत्र बुझि लिनको लागि यस कार्यालयको एम.आई.एस. अपरेटर श्री सुनज्योती भुजुवारलाई र वितरणको व्यवस्थापन गर्नको लागि सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखालाई जिम्मेवारी दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-६

यस गाउँपालिकामा करारसेवामा कार्यरत कर्मचारीहरुको करारसम्झौता मितिः२०८१ साल पौष मसान्तमा सकिएको हुनाले सम्पुर्ण करारसम्झौताको म्याद सकिएको कर्मचारीहरुको करार म्याद मितिः२०८१/१०/०१ गते देखि लागु हुने गरी मितिः २०८२ साल असार मसान्तसम्मको (६ महिना) लागि थप गर्ने सर्वहसमतिले निर्णय गरियो।

निर्णय नं.-७

गाउँ शिक्षा समितिको मितिः २०८१/१०/१२ गते बसेको बैठकले त्रिभुवन आधारभुत विद्यालय, पाथीभरा याङवरक-२, ताप्लजुङको विद्यालय भवनको छाना फेर्ने लगायतका कार्यहरु गर्नको लागि विद्यालय मर्मत संभार कोषबाट व्ययभार हुने गरी रकम रु. ६५,०००।- (अक्षरेपी पैसठ्ठी हजार मात्र।) विनियोजन गर्न सिफारिस गरेकोमा उक्त योजना सञ्चालन गर्नको लागि उल्लेखित शिर्षकबाट रकम विनियोजन गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-८

यस पाथीभरा याङवरक गाउँपालिकामा स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनको लागि टेली मेडिसिन कार्यक्रमको प्रभावकारीता परीक्षण गर्नको लागि स्वास्थ्य शाखालाई जिम्मेवारी दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-९

योजना शाखामा कार्यरत कर्मचारी श्री रामकला कार्की हाल प्रसुति विदामा रहनु भएको हुँदा, उक्त शाखामा हाल कर्मचारी रिक्त रहेकोले अर्को व्यवस्था नभइन्जेल सम्मको लागि एम.आई.एस. फिल्ड सहायक श्री केशव पौडेललाई थप जिम्मेवारी प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो।